जीतपुरसिमरा उपमहानगरपालिका

# जीतपुरसिमरा राजपत्र

खण्डः १ संख्याः ८ मितिः २०७५।०४।०१

भाग-१

जीतपुरसिमरा उपमहानगरपालिका

# शिक्षा ऐन, २०७५

**प्रस्तावनाः**

जीतपुरसिमरा उपमहानगरपालिकामा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अनुकूल शिक्षाको गुणस्तरीयतामा पहुँच कायम गर्न नगर क्षेत्रमा स्थापना भएका र स्थापना हुने विद्यालयको व्यवस्थापकीय सुधार गर्न समयनुकूल सीप र प्रविधिसहित शैक्षिक विकास गर्न वाञ्छनीय भएकाले जीतपुरसिमरा उपमहानगरपालिकाको नगरसभाबाट नेपालको संविधान २०७२ को धारा ३१ र अनुसूचि ८ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११.२.ज र दफा १०२ (१) वमोजिम यो ऐन बनाइएको छ ।

## परिच्छेद- १

### प्रारम्भिक

### संक्षिप्त नाम र परिभाषा

**१.संक्षिप्त नाम र प्रारम्भ**

क) यस ऐनको नाम "जीतपुरसिमरा उपमहानगरपालिका शिक्षा ऐन– २०७५" रहेको छ ।

ख) यो ऐन जीतपुरसिमरा उपमहानगरपालिकाभर लागु हुनेछ ।

ग) यो ऐन उपमहानगरको राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ ।

जीतपुरसिमरा उपमहानगरपालिका

२. **परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,**

क) “नगरपालिका” भन्नाले जीतपुरसिमरा उपमहानगरपालिका बुझ्नुपर्दछ ।

ख) “नगर सभा” भन्नाले जीतपुरसिमरा नगरपालिकाको नगरसभालाई बुझ्नुपर्दछ ।

ग) “प्रमुख” भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाको प्रमुख बुझ्नुपर्दछ ।

घ) “उपप्रमुख” भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाको उपप्रमुख बुझ्नुपर्दछ ।

ङ) “विद्यालय शिक्षा” भन्नाले आधारभूत र माध्यमिक दुवै शिक्षा बुझ्नुपर्दछ ।

च) “माध्यमिक शिक्षा” भन्नाले कक्षा नौदेखि बाह्रसम्म दिइने शिक्षा बुझ्नुपर्दछ ।

छ) “आधारभूत शिक्षा” भन्नाले प्रारम्भिक बालशिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा बुझ्नुपर्दछ ।

ज) “विशेष शिक्षा” भन्नाले दृष्टिविहीन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा अतिअशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी दिइने शिक्षा बुझ्नुपर्दछ ।

झ) “प्राविधिक तथा व्यवसायिक शिक्षा” भन्नाले प्राविधिक ज्ञान, सीप, दक्षता तथा बिषयवस्तुको सिकाइ गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा नौदेखि कक्षा बाह्रसम्म अध्यापन गराइने शिक्षालाई बुझ्नुपर्नेछ । यसले नन एकेडेमिक जस्तै सीप, दक्षता र सिकाइ प्रदान गर्ने शिक्षालाईसमेत जनाउनेछ ।

ञ) “सामुदायिक विद्यालय” भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफारहित नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्दछ ।

ट) “संस्थागत विद्यालय” भन्नाले व्यक्ति/संस्था वा समुदायको पहलमा स्थापना गरिएका नेपाल सरकारबाट नियमित रूपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय भन्ने बुझ्नु पर्नेछ ।

ठ) “नगर शिक्षा अधिकारी” भन्नाले नगरपालिकाभित्र स्थानीय तहको शिक्षा सञ्चालन, व्यवस्थापन, नियमन, निर्देशन, अनुगमन र मूल्याङकन गर्ने तथा ऐन वमोजिम तोकिएका कार्य गर्न नेपाल सरकारले खटाएको कर्मचारी बुझ्नुपर्दछ ।

ड) “स्रोतकेन्द्र” भन्नाले नगरपालिकाभित्र रहेका विद्यालयहरुको समूह बनाई पायक पर्ने स्थानमा कार्यालय रहने गरी नगरका विद्यालयहरुको शैक्षिक गतिविधिहरु सञ्चालन हुने केन्द्र भन्ने बुझ्नुपर्दछ ।

ढ) “स्रोतव्यक्ति” भन्नाले स्रोतकेन्द्रको प्रमुख पदमा नियुक्त भएका व्यक्तिलाई जनाउछ ।

ण) “कर्मचारी” भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी बुझ्नुपर्दछ ।

त) “तोकिएको” वा “तोकिए वमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेका नियमावलीमा तोकिएको वा तोकिए वमोजिम भन्ने जनाउछ ।

थ) “अनुमति” भन्नाले नेपाल सरकार वा नगरपालिकाले स्थायी स्वीकृति प्रदान गरी नसकेको कुनै तोकिएको ठाउँमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिइएको अस्थायी स्वीकृतिलाई जनाउनेछ ।

द) “स्वीकृति” भन्नाले तोकिए वमोजिमको सर्त पुरा गरेको विद्यालयलाई नेपाल सरकार वा नगरपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

न) “आवासीय विद्यालय” भन्नाले नेपाल सरकार वा नगरपालिकाले आवासीय विद्यालयको रूपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई जनाउँछ ।

प) “शैक्षिक गुठी” भन्नाले विद्यालय सञ्चालन गर्नका लागि कुनै व्यक्ति वा समुदायले नाफा आर्जन नगर्ने उद्धेश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी बुझ्नु पर्नेछ ।

फ) पुर्व आधारभूत शिक्षा भन्नाले ४ बर्ष उमेर पुगेका वालवालिकालाई एक वर्ष दिइने शिक्षालाई जनाउनेछ ।

ब) “प्रारम्भिक बाल विकास शिक्षा” भन्नाले ४ बर्षमुनिका बालबालिकाहरूलाई मनोरञ्जनात्मक विधिवाट शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक विकासका लागि सामुदायिक र संस्थागत रुपमा दिइने प्रारम्भिक बाल विकास शिक्षा बुझ्नु पर्नेछ ।

भ) “सहकारी विद्यालय” भन्नाले सहकारी सिद्धान्त र मूल्यमान्यता अनुसार स्थापित विद्यालय बुझ्नुपर्नेछ ।

## परिच्छेद- २

## विद्यालय खोल्ने अनुमति वा स्वीकृति, गाभ्ने र खारेजी सम्वन्धी व्यवस्था

**३. विद्यालय खोल्न अनुमति लिनु पर्नेः**

(१) नेपाली नागरिक वा नेपाली नागरिकको समुदायले सामुदायिक विद्यालय वा शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई नगरपालिकामा तोकिएको अधिकारी समक्ष अनुमतिका लागि निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) वमोजिम निवेदन परेमा सो निवेदन उपर नगरपालिकाले आवश्यक जाँचवुझ गर्ने र जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिव देखिएमा तोकिएको सर्त बन्देज पालना गर्ने गरी वडा कार्यालयको सिफारिसमा तोकिएको अधिकारीले अनुमति दिनेछ ।

(३) उपदफा (२) वमोजिम अनुमति लिई खोलिएको विद्यालयले तोकिएका सर्त बन्देज पालन गरेको देखिएमा वडा कार्यालयको सिफारिसमा तोकिएको अधिकारीले स्वीकृति प्रदान गर्नेछ ।

(४) यो दफा प्रारम्भ हुँदाका वखत कम्पनीको रूपमा सञ्चालन गरेका विद्यालयहरूले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न तोकिएको अधिकारी समक्ष निवेदन दिन सक्नेछन् ।

(५) सरकारी वा सार्वजनिक जग्गा भवनमा शैक्षिक गुठीका रूपमा सञ्चालन गर्न पाउने अनुमति दिइने छैन ।

(६) नयाँ विद्यालय दर्ता मांग हुदा सञ्चालनमा रहेको सामुदायिक तथा निजी विद्यालयको ५०० मीटरको दुरीमा हुनुपर्नेछ । विद्यमान सञ्चालनमा रहेका नगर शिक्षा समितिले तय गरेबमोजिम हुनेछ ।

(७) यस ऐन वा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहायवमोजिम गर्नु पर्नेछः

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक सङ्गठित संस्थाको रूपमा हुनु पर्ने,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तीमा सातजना र निजी गुठी भए कम्तीमा पाँच जना सदस्य हुनु पर्ने,

(ग) शैक्षिक गुठीको आयव्ययको लेखा तोकिएवमोजिम खडा गरी मान्यताप्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्ने,

(घ) शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रूपमा कार्य गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्नेछन । तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा नगरपालिकाको स्वीकृति लिनु पर्नेछ ।

(८) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्धेश्यवाट विद्यालय सञ्चालन गर्न चाहेमा तोकिएको अधिकारीबाट स्वीकृति लिई सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ ।

(९) उपदफा (८) वमोजिम सञ्चालित विद्यायलयले पालन गर्नु पर्ने सर्त तथा अन्य व्यवस्था तोकिए वमोजिम हुनेछ ।

(१०) माथि उल्लेखित उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै विदेशी शिक्षणसंस्थासँग सम्बन्धन कायम गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइनेछैन । तर नेपाल सरकारसँग सम्झौता भएको अवस्थामा त्यस्ता विद्यालयहरुलाई अनुमति दिन सकिनेछ । उपदफा ७, ८, ९ मा उल्लेख भए वमोजिम स्थापित शैक्षिक गुठी अन्तर्गतका विद्यालयलाई तोकिए वमोजिमको आवश्यक प्रक्रिया पुरा गरी सामुदायीकरण गर्न सकिनेछ ।

(११) विद्यालय सञ्चालन तोकिए वमोजिम हुनेछ ।

**४. नगरपालिकाले विद्यालय गाभ्न, सार्न, नाम परिवर्तन वा बन्द गर्न सक्नेः**

१) नगरपालिकाले हाल सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरूलाई दुरी, विद्यार्थी सङ्ख्या, गुणस्तरीयता, सञ्चालन क्षमताको आधारमा गाभ्न, एक ठाउँबाट अर्को ठाउँमा सार्न वा आवश्यक नभएको पर्याप्त आधार भएमा बन्द गर्न वा आवश्यक क्षेत्रमा खोल्न वा कक्षा थप गरी सञ्चालन गर्न अनुमति वा स्वीकृति दिन वा नाम परिवर्तन गर्न उपयुक्त कारण देखिएका सो खोली सम्वन्धित वडा कार्यालयको सिफारिसमा नगर शिक्षा समितिले निर्णय गर्न सक्नेछ ।

२) उपदफा (१) वमोजिम गाभिएका वा बन्द गरिएका विद्यालयको सम्पत्तिको व्यवस्थापन तोकिए वमोजिम हुनेछ ।

**५. अनुमति वा स्वीकृति रद्ध गर्नेः**

कुनै संस्थागत विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गरेमा नगरपालिकाले त्यस्तो विद्यालयलाई प्रदान गरेको अनुमति वा स्वीकृति रद्ध गर्न सक्नेछ । तर त्यसरी अनुमति वा स्वीकृति रद्ध गर्नु अघि सम्वन्धित विद्यालयलाई आफ्नो सफाई पेस गर्ने मौका दिइनेछ । खारेजी उपर चित्त नबुझ्ने न्यायिक समितिमा उजुरी लाग्नेछ ।

**६. शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्ष सञ्चालन गर्नेः**

(१) कसैले पनि यस ऐन वमोजिम नगरपालिकाबाट अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिजकोर्ष, कोचिङ्ग, ट्युसन सेन्टर, भाषा शिक्षण कक्षा, होस्टल वा पूर्वतयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

(२) उपदफा (१) वमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिजकोर्ष, कोचिङ्ग, ट्युसन सेन्टर, भाषा शिक्षण कक्षा, होस्टल वा पूर्वतयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति लिने सम्वन्धी व्यवस्था तोकिएवमोजिम हुनेछ ।

**७. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, नन एकेडेमिक शिक्षा, दुरशिक्षा तथा खुल्ला शिक्षा सञ्चालन सम्वन्धी व्यवस्थाः**

यस नगरपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, ननएकेडेमिक शिक्षा (सीप र प्रविधिको ज्ञान दिने), निरन्तर शिक्षा, दूर शिक्षा तथा खुल्ला शिक्षा, सामुदायिक सिकाई केन्द्र सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

**८. प्रारम्भिक बालविकास केन्द्र सम्वन्धी व्यवस्थाः**

प्रारम्भिक बालविकास केन्द्रको सञ्चालन तथा व्यवस्थापन सम्वन्धी व्यवस्था तोकिएवमोजिम हुनेछ ।

**९. सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेः**

नगरपालिकाले समुदायमा साक्षरता, सीप विकास, प्रविधिको ज्ञान, दक्षता र निरन्तर शिक्षा सिकाईसमेतको काम गर्न तोकिए वमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ ।

## परिच्छेद-३

## शिक्षाको प्रकार, माध्यम, पाठ्यक्रम र परीक्षा सञ्चालन सम्वन्धी व्यवस्था

**१०. विद्यालयको प्रकारः**

विद्यालयका प्रकार यस प्रकार हुनेछनः

(क) सामुदायिक

(ख) संस्थागत (सार्वजनिक तथा निजी)

(ग) धार्मिक

(घ) सहकारी

**११. शिक्षाको माध्यमः**

क) विद्यालयमा शिक्षाको माध्यम नेपाली, अंग्रेजी वा दुवै भाषा हुनेछ । साथै भोजपुरी भाषालाई पनि माध्यम बनाउन सकिनेछ ।

ख) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय वमोजिम हुन सक्नेछः

(१) प्राथमिक शिक्षा मातृभाषामा दिन सकिनेछ ।

(२) गैह्र नेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको र अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ ।

(३) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ ।

**१२. विद्यालयको वर्गीकरणः**

नगरपालिका अन्तर्गतका विद्यालयहरूलाई माध्यमिक शिक्षा, आधारभूत शिक्षा र पूर्वआधारभूत शिक्षा गरी तीन प्रकारमा वर्गीकरण गरिनेछ ।

**१३. विद्यालयको पाठ्यक्रम तथा पाठ्यपुस्तकः**

विद्यालयले नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड पुरा गरी आवश्यक सिकाइ उपलब्धि हासिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्नेछ । विद्यालयले नेपाल सरकारले तोकेको मापदण्डभित्र रही स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागु गर्न सक्नेछ । सो प्रयोजनका लागि नगरपालिकाले स्थानीय पाठ्यक्रम विकास केन्द्र गठन गरी पाठ्यक्रम विकास गर्न सक्नेछ । नगरपालिकाभर सामुदायिक तथा निजी विद्यालयमा एउटै पाठ्यक्रम बनाउन सकिनेछ । एकपटक लागु गरेको पाठ्यक्रम तथा पव्लिकेशनको अवधि तोकिएबमोजिम हुनेछ ।

**१४.परीक्षा सञ्चालनः**

परीक्षा सञ्चालन, अनुगमन, नियमन, नतिजा प्रकाशन तथा अभिलेख व्यवस्थापन तोकिएवमोजिम हुनेछ ।
तर आधारभूत तहको अन्तिम परीक्षा (कक्षा ८) नगरपालिकाले सञ्चालन गर्नेछ ।

## परिच्छेद- ४

## नगर शिक्षा समिति, शिक्षक छनोट समिति, नगर शिक्षा अनुगमन समिति र नगर शिक्षा प्रमुख सम्वन्धी व्यवस्था

**१५. नगर शिक्षा समितिः**

(१) नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने सम्पूर्ण विद्यालयहरुको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामका लागि देहाय वमोजिमको नगर शिक्षा समिति रहनेछः

| क्र. सं. | क्षेत्र | पद |
|---|---|---|
| १ | नगर कार्यपालिका प्रमुख | अध्यक्ष |
| २ | नगर कार्यपालिका उपप्रमुख | सदस्य |
| ३ | नगर कार्यपालिका महिला तथा दलित सदस्यहरुसहित कार्यपालिकाले मनोनित गरेको तीन जना सदस्य | सदस्य |
| ४ | | सदस्य |
| ५ | | सदस्य |
| ६ | कार्यपालिकामा विषयगत समिति संयोजक | सदस्य |
| ७ | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ८ | नगर सभा सदस्यहरुमध्येबाट ३ जना (कार्यपालिकाले चयन गर्ने) | सदस्य |
| ९ | | सदस्य |
| १० | | सदस्य |
| ११ | सामुदायिक विद्यालयहरुमध्ये आधारभूत तह र माध्यमिक तहमा कार्यरत स्थायी सेवा भएका २ जना (शिक्षा समितिको मनोनयन) | सदस्य |
| १२ | | सदस्य |
| १३ | संस्थागत विद्यालयका सञ्चालकहरुमध्ये नगर प्रमुखले मनोनित गर्ने | सदस्य |

| | | |
|---|---|---|
| १४ | सामुदायिक विद्यालयका अध्यक्षहरुमध्ये नगर प्रमुखले मनोनित गर्ने | सदस्य |
| १५ | विशेष शिक्षा, गुठी वा परम्परागत धार्मिक विद्यालयका सञ्चालकहरुबाट उपमेयरले मनोनित गर्ने | सदस्य |
| १६ | स्थानीय समाजसेवी वा शिक्षाप्रेमीहरुमध्ये शिक्षा समितिले मनोनित गर्ने एक महिला सहित २ जना | सदस्य |
| १७ | | सदस्य |
| १८ | नेपाल शिक्षक महासंघ नगर अध्यक्ष वा तोकिएको प्रतिनिधि | सदस्य |
| १९ | शिक्षा हेर्ने प्रमुख कर्मचारी | सदस्य सचिव |

(२) समितिका पदेन सदस्यबाहेक मनोनित सदस्यको पदावधि तीन वर्षको हुनेछ।

(३) उपदफा (१) अन्तर्गतका मनोनित तथा अन्य सदस्यहरूले आफ्नो पदीय आचरण पालन नगरेको अवस्थामा जुनसुकै समयमा पनि हटाउन वा बर्खास्त गर्न सकिनेछ । तर त्यसरी हटाउँदा वा बर्खास्त गर्नु पहिले मनासिब माफिकको सफाइ दिने अवसर प्रदान गरिनेछ। यसरी हटाए उपर चित्त नबुझेमा न्यायिक समितिमा उजुरी लाग्नेछ।

(४) **नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः**

(क) नगरपालिकाभित्रको शैक्षिक योजना तयार गर्ने,

(ख) नगरपालिका क्षेत्रभित्र विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति, विद्यालय सार्ने, गाभ्ने सम्वन्धी नगरपालिकालाई सिफारिस गर्ने,

(ग) विद्यालयहरूका लागि आवश्यक आर्थिक अनुदान तथा स्रोतको खोजी गर्ने,

(घ) नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने परीक्षाहरूलाई मर्यादित, व्यवस्थित र भयरहित बनाउने,

(ङ) नगरपालिका क्षेत्रभित्र स्थापना भएका निजी स्रोतमा सञ्चालित सामुदायिक विद्यालयहरूको शिक्षक दरबन्दी, सेवा, सुविधा र शर्तहरु स्वीकृत गर्ने,

(च) व्यवसायिक शिक्षा तथा सीपमूलक शिक्षाको कार्यान्वयन गर्ने गराउने तथा व्यवसायिक, सीपमूलक र प्राविधिक शिक्षा विद्यालयको आवश्यकता एवम् परिस्थिति अनुसार तोकिएको कक्षाबाट सञ्चालन गराउने,

(छ) विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिने, जागरुक र सचेत गराउने,

(ज) विद्यालयका लागि आवश्यक साधनस्रोत जुटाउने र परिचालन गर्ने,

(झ) विद्यालयहरुसंग सम्वन्धित विषयहरुको सम्वोधन गर्ने,

(ञ) शिक्षाको गुणस्तर कायम राख्न सूचक निर्धारण गर्ने र प्रगति मूल्याङ्कन गर्ने,

(ट) विद्यालयको सामाजिक परीक्षण गर्न लगाउने,

(ठ) शैक्षिक गुठीसँग गर्ने सम्झौताका शर्तहरू निर्धारण गर्ने,

(ड) विद्यालयहरूको सुपरीवेक्षण तथा अनुगमन गर्ने।

(ढ) शैक्षिक संस्था र शिक्षासँग आवद्ध शिक्षक कर्मचारीहरूलाई कामका आधारमा आवश्यक प्रोत्साहन, नसिहत र दण्ड गर्ने गराउने।

(ण) नगर शिक्षा समितिले नगरपालिकाभित्र रहेका विद्यालयहरूमा स्वीकृत दरबन्दी वा अनुदानकोटा (राहतकोटा) र बालविकास केन्द्रका सहयोगी कार्यकर्तालाई करारमा शिक्षक/सहयोगी कार्यकर्ता राख्नु पर्ने भएमा शिक्षक छनौट समिति गठन गरी सो समितिले परीक्षा लिई योग्यताक्रम अनुसार करारसूची प्रकाशन गर्नेछ।

(त) रिक्त रहेको स्वीकृत दरबन्दी वा अनुदानकोटा (राहत कोटा) मा सम्वन्धित विद्यालयले योग्यताक्रम अनुसार करारसूची अनुसार नियुक्ति गर्नु पर्नेछ।

(थ) शिक्षक छनौट समितिको कार्यविधि नगर शिक्षा समितिको प्रस्तावमा नगर कार्यपालिकाले निर्माण गरी लागु गर्नेछ।

(द) शिक्षक छनौट गर्ने कार्यका लागि विशेषज्ञको सूची प्रकाशन गर्ने।

(ध) नगर शिक्षा समितिले तोकिएवमोजिम विज्ञहरु रहेको योजना निर्माण कार्यदल गठन गर्न सक्नेछ।

(न) विद्यालयको आन्तरिक आम्दानीको स्रोतको सदुपयोग र अभिवृद्धिका लागि आवश्यक निर्देशन दिन सक्नेछ ।
(प) अन्य तोकिएबमोजिमका कार्यहरु गर्ने ।

**१६. शिक्षक छनौट समिति**

(१) नगर शिक्षा समितिले नगरपालिकाभित्र रहेका कुनै पनि विद्यालयमा स्वीकृत दरबन्दी वा अनुदानकोटा (राहतकोटा) र बालविकास केन्द्रका सहयोगी कार्यकर्तालाई शिक्षक/सहयोगी कार्यकर्ता राख्नुपर्ने भएमा देहाय वमोजिमको समिति गठन गरी समितिले परीक्षा सञ्चालन गरी योग्यताक्रम अनुसार करारसूची प्रकाशन गर्नेछ ।

| | |
|---|---|
| क) विद्यालय व्यवस्थापन समिति अध्यक्ष | - संयोजक |
| ख) नगर कार्यपालिकामा तोकिएको विज्ञसूचिबाट बढीमा २ जना | - सदस्य |
| ग) सम्वन्धित विद्यालय निरिक्षक | - सदस्य |
| घ) सम्वन्धित विद्यालयका प्रधानाध्यापक | सदस्य- सचिव |

२) शिक्षक छनौट कार्य प्रत्येक शैक्षिक सत्रको चैत्र मसान्तसम्म लिनुपर्नेछ ।

**१७. शिक्षा अनुगमन समितिः**

(१) विद्यालय शिक्षाको समग्र पक्षको अनुगमन गर्न देहाय वमोजिमको शिक्षा अनुगमन समिति गठन हुनेछः

| | |
|---|---|
| (क) नगरपालिका उपप्रमुख | संयोजक |
| (ख) नगर शिक्षा समितिमा प्रतिनिधित्व गर्ने कार्यपालिका सदस्य | सदस्य |
| (ग) सम्वन्धित वडाको अध्यक्ष | सदस्य |
| (घ) नगर शिक्षा समितिले तोकेको अभिभावकहरुमध्येबाट १ जना प्रतिनिधि | सदस्य |
| (ङ) नगर शिक्षा अधिकारी वा तोकिएको अधिकृत | सदस्य- सचिव |

(२) अनुगमन समितिले गरेको अनुगमनको प्रतिवेदन नगर शिक्षा समितिसमक्ष आवधिक रुपमा बुझाउनुपर्नेछ । थप काम, कर्तव्य र अधिकारहरु तोकिएवमोजिम हुनेछ ।

**१८. नगर शिक्षा अधिकारीः**

(क) नगरपालिकामा शिक्षा हेर्ने एकजना शिक्षा शाखा प्रमुख हुनेछन ।
(ख) शिक्षा प्रमुखका काम, कर्तव्य र अधिकार देहायवमोजिम हुनेछः
(१) शिक्षा सम्वन्धी स्थानीय योजना नगरपालिका नगरसभाबाट पारित गराई कार्यान्वयन गर्ने गराउने,
(२) स्थानीय तहको शैक्षिक कार्यक्रम कार्यान्वयन गर्ने गराउने,
(३) विद्यालय जाने र विद्यालयबाहिर रहेका बालबालिकाको खण्डीकृत शैक्षिक तथ्याङ्क अद्यावधिक गरी तथा गर्न लगाई प्रदेश तथा केन्द्रमा नियमित रुपमा पठाउने र अद्यावधिक गर्ने गराउने,
(४) विद्यालय सञ्चालन तथा शैक्षिक कार्यक्रम कार्यान्वयनका लागि स्रोतको बाँडफाँड गर्ने गराउने,
(५) माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन गर्ने,
(६) सेवा क्षेत्रभित्रका विद्यालय नक्साङ्कन गरी सोको आधारमा विद्यालय खोल्न अनुमति प्रदान गर्ने, कक्षा थप गर्ने, विद्यालय सार्ने, दुई वा दुईभन्दा बढी विद्यालय एक आपसमा गाभ्ने र विद्यालयको नाम परिवर्तन गर्ने,
(७) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी व्यवस्थापन गर्ने, सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा विद्यालय कर्मचारीको पदस्थापन, सरुवा तथा बढुवा सम्वन्धी कार्य गर्ने, स्वीकृत दरवन्दी अनुसार तलब भत्ता निकासा गर्ने,
(८) विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरूको विदाको अभिलेख अद्यावधिक गर्ने, विद्यालयले स्वीकृत गर्ने बाहेकका अन्य बिदाहरू स्वीकृत गर्ने,
(९) वार्षिक रुपमा विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक कर्मचारी दरबन्दी मिलान गर्ने, विद्यालयहरूमा न्यूनतम शिक्षक दरवन्दी उपलव्ध गराउने व्यवस्था गर्ने,

(१०) विद्यालयहरूको समूह विभाजन गरी स्रोतकेन्द्र निर्धारण गर्ने र स्रोतकेन्द्रबाट विद्यालयको निरिक्षण र शिक्षकको तालीम तथा अन्य शैक्षिक क्रियाकलाप सञ्चालन गर्ने गराउने,

(११) विद्यालयको गुणस्तर बढाउन प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावक तथा अन्य सरोकारवालाहरुको नियमित रुपमा वैठक, गोष्ठी वा तालीमको व्यवस्था गर्ने,

(१२) आधारभूत तहको परीक्षा व्यवस्थापन गर्ने, विद्यार्थी सिकाई उपलब्धि परीक्षण गर्ने र व्यवस्थापन गर्ने, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्ति व्यवस्थापन गर्ने,

(१३) शिक्षा सम्वन्धी कार्य गर्दा प्रमुख प्रशासकीय अधिकृतको सुपरीवेक्षण तथा निर्देशनको अधीनमा रही कार्य सम्पादन गर्ने,

(१४) सामुदायिक विद्यालयका शिक्षकहरुलाई आफ्नो विषयप्रति जिम्मेवार र जवाफदेही बनाउने ।

## परिच्छेद- ५
## विद्यालय व्यवस्थापन समिति सम्वन्धी व्यवस्था

**१९. विद्यालय व्यवस्थापन समिति रहने:**

(१) विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा समावेशिताको आधारमा देहाय वमोजिमको एक विद्यालय व्यवस्थापन समिति रहनेछः

| | | |
|---|---|---|
| (क) | वडाअध्यक्ष वा वडा समितिले सिफारिश गरेको वडा सदस्य, अभिभावक, शिक्षाप्रेमी र समाजसेवीहरुमध्ये | - अध्यक्ष |
| (ख) | विद्यालयका अभिभावकले आफुहरुमध्येबाट छानी पठाएको कम्तीमा एक महिलासहित तीनजना | - सदस्य |
| (ग) | वडा समितिबाट तोकिएको एकजना (वडा समितिबाट अध्यक्ष नभएमा) | - सदस्य |
| (घ) | लक्षित समुदायबाट समितिले मनोनित गरेको एक महिलासहित दुई जना | - सदस्य |
| (ङ) | शिक्षकहरुले आफुहरुमध्येबाट छानी पठाएको शिक्षक एक जना | - सदस्य |
| (च) | विद्यालय शिक्षक अभिभावक संघको अध्यक्ष | - सदस्य |
| (छ) | नगर शिक्षा समिति संयोजकले मनोनयन गरेको एक जना | - सदस्य |
| (ज) | प्रधानाध्यापक | - सदस्य सचिव |

(२) प्राविधिक तथा व्यवसायिक विषयमा अध्ययन वा तालीम गराइने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा नगरपालिका क्षेत्रभित्रका सम्वन्धित विषय तथा व्यवसायसँग आवद्धहरूमध्ये नगर शिक्षा समितिले मनोनित गरेका एक जना सदस्य रहनेछन । साथै नगर उद्योग बाणिज्य संघले तोकेको एक प्रतिनिधि सदस्य हुनेछन ।

(३) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा एक जना सदस्य अपाङ्गता भएका व्यक्तिको अभिभावकहरू सदस्य रहनेछन ।

(४) विद्यालय व्यवस्थापन समितिको म्याद सकिनुभन्दा एक महिना अगावै नयाँ व्यवस्थापन समितिको गठन गरी बहालवाला व्यवस्थापन समितिले पदभार हस्तान्तरण गर्नुपर्नेछ । यसो हुन नसकेमा वा व्यवस्थापन समिति गठन विवादित भएमा तोकिए वमोजिम व्यवस्थापन समितिको गठन नगर शिक्षा समिति स्वयम्ले गर्नेछ ।

(५) व्यवस्थापन समिति गठन सम्वन्धी अन्य व्यवस्था तोकिएवमोजिम हुनेछ ।

(६) संस्थागत विद्यालयको सञ्चालन, व्यवस्थापन र रेखदेख गर्नका लागि प्रत्येक विद्यालयमा देहाय वमोजिमका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः

(क) विद्यालयको संस्थापकहरुले तोकेको शिक्षाप्रेमी, समाजसेवी र अभिभावकहरुमध्ये - अध्यक्ष

(ख) विद्यालय रहेको सम्वन्धित वडाका जनप्रतिनिधिहरूमध्येबाट वडा समितिको सिफारिसमा नगर शिक्षा समितिले मनोनयन गरेको एकजना - सदस्य

(ग) स्थानीय शिक्षाप्रेमी वा समाजसेवीहरूमध्येबाट नगर शिक्षा समितिद्वारा मनोनित एक जना - सदस्य

(घ) सम्वन्धित विद्यालयका शिक्षकहरूमध्येबाट छानी पठाएका १ जना शिक्षक - सदस्य

(ङ) अभिभावकहरूमध्येबाट व्यवस्थापन समितिद्वारा मनोनित १ जना महिलासहित २ जना - सदस्य

(च) नगर शिक्षा प्रमुखले तोकेको शिक्षा क्षेत्रको कर्मचारी - सदस्य

(छ) विद्यालय शिक्षक अभिभावक संघ अध्यक्ष - सदस्य

(ज) विद्यालयका प्रधानाध्यापक - सदस्य सचिव

(९) उपदफा (१), (२) र (३) वमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि ३ वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण पालना नगरेको देखिएमा नगर शिक्षा समितिले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउनु अघि वा समिति विघटन गर्नु अघि आफ्नो सफाई पेस गर्ने मौकाबाट बञ्चित गरिनेछैन । यस ऐन बिपरितको कुनै कार्य सम्वन्धमा अन्य सजायंको व्यवस्था नभएको अवस्थामा न्यायिक समितिमा उजुर लाग्नेछ ।

(१०) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गर्ने,

(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी नगरपालिकालाई दिने,

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनीतिक, धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण बिगार्न नदिने,

(च) विद्यालय व्यवस्थापन समितिको सचिवालय व्यवस्थित गर्ने,

(छ) शिक्षक सेवा आयोगले लिएको परीक्षामा सफल भई सिफारिस भएको शिक्षकलाई विद्यालयमा हाजिरी गराउने,

(ज) नगरपालिकाबाट स्वीकृत दरबन्दीका कर्मचारीको व्यवस्थापन गर्ने,

(झ) शिक्षक सेवा आयोगको करारसूचीमा रहेका उम्मेदवारलाई योग्यताक्रमको आधारमा करार नियुक्ति दिई काममा लगाउने,

(ञ) शिक्षक सेवा आयोगको करारसूचीमा रहेका उम्मेदवार नआएमा नगरपालिकाले लिएको शिक्षक छनौट परीक्षाबाट प्रकाशित करारसूचीको योग्यताक्रमको आधारमा करार नियुक्ति दिई काममा लगाउने,

(ट) रजिष्टर्ड लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने,

(ठ) लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कार्यवाही गर्ने र त्यसको प्रतिवेदन नगर शिक्षा समितिमा पेश गर्ने,

(ड) तोकिएवमोजिमका क्षेत्रसँग सम्वन्धित नगरपालिका र नगर शिक्षा समितिले दिएका निर्देशनहरूको पालना गर्ने,

(ढ) विद्यालयको आन्तरिक स्रोतवाट खर्च बेहोर्ने गरी नियुक्त वा बढुवा गरेका शिक्षकका लागि सेवा, शर्त र सुविधा तोक्ने र तोकिएवमोजिमको पारिश्रमिक तथा सुविधाहरूको व्यवस्था गर्ने,

(ण) शिक्षक तथा कर्मचारीहरूलाई तोकिए वमोजिमका कार्यवाही गर्ने,

(११) संस्थागत विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायवमोजिम हुनेछः

(क) विद्यालय सञ्चालनका लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गर्ने,

(घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने,

(ङ) नगरपालिकाले तोकेवमोजिमको पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्य रुपमा लागु गर्ने,

(च) प्रचलित कानून वमोजिम शिक्षक पदका लागि उम्मेदवार हुने योग्यता पुगेका व्यक्तिलाई शिक्षक छनौट समितिको अनुमति लिई शिक्षक पदमा नियुक्ति गर्ने,

(छ) नगरपालिकाले तोकेवमोजिमको न्युनतम तलबस्केलमा नघटाई शिक्षकलाई तलब खुवाउने,

(ज) अनुशासनहीन शिक्षक तथा कर्मचारीहरूलाई कारवाही गर्ने,

(झ) शिक्षा ऐन, नियमावली तथा अन्य कानूनमा उल्लेखित व्यवस्थाका अतिरिक्त नगरपालिकाबाट जारी शिक्षासँग सम्वन्धित सबै ऐन, नीति नियम, कार्यविधि, निर्देशिका र निर्देशनहरूको पालन गर्ने गराउने,

(ञ) विद्यालय व्यवस्थापन समितिले आवधिक रुपमा आफ्नो शैक्षिक, आर्थिक लगायत अतिरिक्त क्रियाकलापसमेतको प्रतिवेदन नगर शिक्षा समितिमा पेस गर्नुपर्नेछ ।

(ट) विद्यालयले सङ्कलन गर्ने सवै प्रकारका शिक्षण शुल्क, कर्मचारी तथा शिक्षकहरुलाई उपलब्ध गराउने पारिश्रमिक, विद्यार्थीहरुलाई उपलब्ध गराउने छात्रवृत्ति लगायतका विषयमा नगर शिक्षा समितिले आवश्यक निर्देशन दिन सक्नेछ ।

(ठ) शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन सम्वन्धी व्यवस्था तोकिएवमोजिम हुनेछ ।

(१२) विद्यालय व्यवस्थापन समितिका अन्य काम, कर्तव्य, अधिकार र बैठक सम्वन्धी कार्यविधि तोकिए वमोजिम हुनेछ ।

(१३) कुनै पनि व्यक्ति एक भन्दा बढी विद्यालय व्यवस्थापन समितिमा रहन सक्नेछैन । तर पदेन्को हकमा यो लागु हुने छैन ।

(१४) यो ऐन जारी भएपछि विद्यमान विद्यालय व्यवस्थापन समिति स्वतः विघटन हुनेछ ।

**२०. विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिने:**

(१) कुनै पनि विद्यालय व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पुरा गर्न नसकेको भनी वडा समितिमार्फत वा सिधै नगर शिक्षा समितिले कारणसहित नगरपालिका कार्यालयमा सिफारिस गरेमा सोको कारण खुलाई नगरपालिकाले तोकिएको प्रक्रिया पुरा गराई विद्यालय व्यवस्थापन समितिलाई विघटन गर्न सक्नेछ । तर यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाइ पेस गर्ने मनासिब मौका दिइनेछ ।

(२) उपदफा (१) वमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न वडा समितिले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

**२१. विद्यालय सञ्चालन कार्यविधिः**

(१) यो ऐन वा प्रचलित कानूनको अधीनमा रही प्रत्येक सामुदायिक विद्यालयले विद्यालयको लक्ष्य, मूल्य, मान्यता, सञ्चालन प्रक्रिया, बालबालिकाहरुको चौतर्फी विकासमा टेवा पुग्ने गरी अतिरिक्त क्रियाकलापहरुको विवरण लगायतका अन्य सान्दर्भिक विषयवस्तु समावेस गरिएको कार्यविधि अभिभावक भेलाबाट पारित गराई लागु गर्नु पर्नेछ ।

(२) अभिभावक भेलाले आवश्यकता अनुसार कार्यविधि संशोधन गर्न सक्नेछ ।

(३) कार्यविधि अनुसार विद्यालय सञ्चालन गर्नु व्यवस्थापन समिति र प्रधानाध्यापकलगायत अन्य सबैको कर्तव्य हुनेछ ।

(४) अध्यावधिक कार्यविधिको प्रतिलिपि पारित भएको मितिबाट ७ दिनभित्र व्यवस्थापन समितिले नगरपालिका कार्यालयमा पेस गर्नु पर्नेछ ।

(५) नगरपालिकाले नगरको शैक्षिक विकासका लागि नमूना विद्यालयको विकास गर्न, आवश्यकतानुसार नमूना विद्यालय स्थापना गर्न वा हाल सञ्चालित सामुदायिक विद्यालयहरुमध्येबाट नमूना विद्यालयको रुपमा छनौट गरी सञ्चालन गर्ने सक्नेछ । नमूना विद्यालयलाई सम्वन्धित विषयमा आवश्यक स्वयम्सेवक र थप सहयोगको व्यवस्था तोकिएवमोजिम गरिनेछ ।

## परिच्छेद- ६
## आर्थिक र जिन्सी व्यवस्था, लेखा र लेखापरीक्षण तथा अन्य व्यवस्था

**२२. शिक्षा विकास कोषः**

(१) सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकासमा सहयोग पुऱ्याउन तथा त्यस्ता विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्न नगरपालिकामा एउटा नगर शिक्षा विकास कोष रहनेछ ।

(२) उपदफा (१) वमोजिमको कोषमा देहायका रकमहरू रहने छनः

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(ग) नगरपालिकाबाट प्राप्त अनुदान रकम,

(घ) संस्थागत विद्यालयबाट प्राप्त विद्यालयको वार्षिक कुल आम्दानीमध्ये तोकिए वमोजिमको रकम,

(ङ) चन्दाबाट प्राप्त रकम,

(च) अन्य स्रोतबाट प्राप्त रकम ।

**२३. कोष सञ्चालक समितिः**

(१) कोष सञ्चालक समिति तोकिएवमोजिम हुनेछ ।

(२) उपदफा (१) वमोजिमको सञ्चालक समितिको काम, कर्तव्य, अधिकार तथा वैठक सम्वन्धी कार्यविधि तोकिए वमोजिम हुनेछ ।

**२४. विद्यालय कोषः**

(१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष रहनेछ, जसमा देहाय वमोजिमका स्रोतबाट प्राप्त रकम सो कोषमा रहनेछः

(क) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाबाट प्राप्त अनुदान रकम,

(ख) नगरपालिकाको शिक्षा कोषबाट प्राप्त अनुदान,

(ग) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(घ) चन्दा वा दान दातव्यबाट प्राप्त रकम,

(ङ) अन्यस्रोतबाट प्राप्त रकम,

(२) उपदफा (१) वमोजिमको कोषको सञ्चालन र लेखापरीक्षण तथा सामाजिक परीक्षण तोकिएवमोजिम हुनेछ ।

**२५. अनुदानको व्यवस्थाः**

(१) यो ऐन प्रारम्भ हुँदाका बखत दिदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको शीर्षक स्रोत र सुत्रको आधारमा नगरपालिकाले समुदायिक विद्यालयलाई अनुदान दिनेछ तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिइँदै आएको अनुदान रकममा तोकिएवमोजिम कटौती गर्न सकिनेछ ।

(२) समुदायिक विद्यालयलाई तोकिएवमोजिम अनुदान उपलब्ध गराउनेछ ।

**२६. प्रारम्भिक बाल विकासकेन्द्रलाई अनुदान दिन सक्नेः**

नगरपालिकाले प्रारम्भिक बालविकास केन्द्रलाई तोकिएवमोजिमको अनुदान रकम दिन सक्नेछ ।

**२७. शुल्क सम्वन्धी व्यवस्थाः**

(१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीहरूबाट कुनै पनि किसिमको शुल्क लिन पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै अभिभावकले आफ्नो इच्छाले दिएको दान, उपहार, चन्दा वा सहयोग सामुदायिक विद्यालयले लिन सक्नेछ ।

(३) सबै बाल बालिकाहरूलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नका लागि नगरपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ ।

(४) उपदफा (१) वमोजिम निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाबाहेक अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ ।

(५) विद्यालयले विद्यार्थीहरूलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइसकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नका लागि कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(६) विद्यालयले आफ्नो भौतिक संरचना निर्माण गर्नका लागि विद्यार्थीहरुसँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(७) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क नगरपालिकाबाट स्वीकृत गराई निर्धारण गर्नुपर्नेछ । त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिंदा नगरपालिकाले विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा दिनेछ ।

(८) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा नगरपालिकाले त्यस्तो शुल्क सम्वन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ ।

(९) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई नगरपालिकाले पच्चीस हजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

**२८. छात्रवृत्तिको व्यवस्था गर्न सक्नेः**

नगरपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीहरूलाई तोकिएवमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ । कक्षा ५ सम्मका विद्यार्थीहरुलाई तोकिएवमोजिम अनिवार्य खाजाको व्यवस्था गरिनेछ । नगरको तर्फबाटसमेत विशेष छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

**२९. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्नेः**

(१) संस्थागत विद्यालयहरूले भर्ना भएका कुल विद्यार्थी सङ्ख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिएवमोजिम आर्थिक रुपमा विपन्न, अपाङ्ग, महिला, दलित वा जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) वमोजिम छात्रवृत्तिका लागि विद्यार्थी छनौट गर्न विद्यालयले एउटा छात्रवृत्ति छनौट समिति गठन गर्नेछ । प्रत्येक विद्यालयले आफूले उपलब्ध गराएको आधारसहितको छात्रवृत्तिको विवरण नगर शिक्षा समितिमा पेश गर्नुपर्नेछ ।

**३०. विद्यालयको सम्पत्तिः**

(१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन वमोजिम अनुमति वा स्वीकृति रद्ध गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति नगरपालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा प्रचलित कानून वमोजिम बेचबिखन गरी प्राप्त भएको रकम सम्वन्धित नगरपालिकाको शिक्षाकोषमा जम्मा गर्नेछ ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइनेछैन ।

(३) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दानदातव्यको रुपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नगरपालिकाको सिफारिसमा स्वीकृति लिनु पर्नेछ । तर विदेशी व्यक्ति वा संघसंस्थाबाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(५) नेपाल सरकारको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति नेपाल सरकारको स्वीकृतिबेगर बेचविखन गर्न पाइने छैन ।

(६) विद्यालयको सम्पत्ति सर्वसाधारणलाई भाडा वा करार वा लिजमा दिदा पूर्ण प्रतिस्पर्धाका आधारमा तय गर्नुपर्नेछ ।

**३१. विद्यालयलाई छुट र सुविधाः**

(१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएतापनि सामुदायिक विद्यालय, शैक्षिक गुठी, धार्मिक तथा सहकारी विद्यालयको रुपमा सञ्चालित विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिएको वाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले तोकेवमोजिमको आधारमा रजिष्ट्रेशन दस्तुर लाग्नेछ ।

(३) सामुदायिक विद्यालय, शैक्षिक गुठी, धार्मिक तथा सहकारी विद्यालयको रुपमा सञ्चालित विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिएवमोजिम हुनेछ ।

**३२. लेखा र लेखापरीक्षणः**

(१) विद्यालयले दोहोरो स्रेस्ता प्रणाली र प्रचलित लेखामानका आधारमा आयव्ययको स्रेस्ता राख्नुपर्नेछ ।

(२) विद्यालयले राखेको स्रेस्ताको प्रचलित कानून वमोजिम मान्यताप्राप्त लेखापरीक्षकबाट वार्षिक रुपमा लेखापरीक्षण गराउनुपर्नेछ ।

(३) विद्यालयको लेखापरीक्षणका लागि नगर शिक्षा समितिले लेखापरीक्षक नियुक्ति गर्नेछ ।

## परिच्छेद -७

## दरवन्दी मिलान, शैक्षिक योग्यता, नियुक्ति र सरुवा सम्वन्धी व्यवस्था

**३३. दरबन्दी मिलान, सरुवा र पदस्थापनाः**

आवश्यक मापदण्डसहित विद्यार्थी/शिक्षक अनुपात, कक्षा र विषय संख्याको आधारमा निर्धारण गरी विद्यालय व्यवस्थापन समितिको सिफारिशमा नगर शिक्षा समितिले शैक्षिक सत्र सुरु हुनु भन्दा दुई महिना अघि सुरु गरी शैक्षिक सत्र सुरु हुदा दरबन्दी मिलान, सरुवा र पदस्थापना गरिनेछ । हाल रहेको शिक्षक जगेडा दरबन्दी यसै ऐन वमोजिम नगर कार्यपालिका मातहत रहनेछ ।

**३४. शैक्षिक योग्यताः**

विद्यालयको शिक्षक, कर्मचारी एवम् वालविकास केन्द्रको सहयोगी कार्यकर्ताका लागि चाहिने शैक्षिक योग्यता तोकिएवमोजिम हुनेछ ।

**३५. शिक्षक विद्यार्थीको अनुपात मिलाउनुपर्नेः**

नगरपालिकाले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी सङ्ख्या र विषयका आधारमा तोकिएवमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नु पर्नेछ ।

**३६. शिक्षकलाई अन्य काममा लगाउन नहुनेः**

(१) सामुदायिक विद्यालयलको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासनिक सम्वन्धी काममा बाहेक अन्य काममा लगाउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी नेपाल सरकार वा नगरपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

**३७. शिक्षकको नियुक्ति, बढुवा र सरुवाः**

(१) विद्यालयमा रिक्त अस्थायी, करार, अनुदानकोटा (राहत) र बाल विकास केन्द्रका सहयोगी कार्यकर्ताको नियुक्तिको व्यवस्था तोकिए वमोजिम हुनेछ ।

(२) वाल विकास सहयोगी कार्यकर्ताको योग्यता र सेवा शर्त सुविधा तोकिएवमोजिम हुनेछ ।

(३) नगरपालिकाभित्र सरुवाका लागि निवेदन दिने स्थायी, अस्थायी, करार, अनुदानकोटा (राहत) मा कार्यरत शिक्षकले सरुवा भएर जाने र आउने दुबै विद्यालयका व्यवस्थापन समितिको सहमति लिएमा कक्षा सञ्चालनमा बाधा नपर्ने गरी नगर शिक्षा समितिले तोकिएवमोजिमको प्रक्रिया अपनाई रिक्त दरबन्दीमा सरुवा गर्न सक्नेछ ।

(४) शिक्षक सेवा आयोगबाट सफल भई सिफारिस भएका शिक्षकलाई विषय मिल्ने गरी स्थायी नियुक्ति दिई काममा लगाउनु पर्नेछ । दरबन्दीमा करार शिक्षक नियुक्ति गर्दा शिक्षा सेवा आयोगको करार सूचीलाई पहिलो प्राथमिकता दिइनेछ ।

(५) शिक्षक सेवा आयोगबाट प्रकाशित करारसूचीमा सिफारिस उम्मेदवार उपलब्ध नभएमा नगर शिक्षा समितिले प्रकाशित करारसूचीमा सिफारिस उम्मेदवारलाई नगरपालिकाभित्र रिक्त रहेको दरबन्दी/ राहत कोटामा योग्यताक्रम अनुसार करार नियुक्ति दिई सम्वन्धित विद्यालयमा काममा लगाउन सक्नेछ ।

(६) करारसूचीमा सिफारिस उम्मेदवारलाई नियुक्ति गर्दा शिक्षक सेवा आयोगबाट प्रकाशित करार सूचीमा सिफारिस उम्मेदवारलाई पहिलो प्राथमिकता दिई शिक्षक सेवा आयोगबाट प्रकाशित करारसूचिमा सिफारिस उम्मेदवार सम्पर्कमा नआएमा मात्र विद्यालय व्यवस्थापन समितिले प्रकाशित गरेको करार सूचीमा सिफारिस उम्मेदवारलाई नगरपालिकाभित्र रिक्त रहेको दरबन्दी/राहत कोटामा योग्यताक्रमअनुसार तहगत विषयगत करार नियुक्ति दिई सम्वन्धित विद्यालयमा काममा लगाउन सक्नेछ ।

(७) महिला तथा अपाङ्ग शिक्षकको हकमा घरपायक प्राथमिकता दिइनेछ ।

(८) शिक्षकको बढुवा प्रयोजनका लागि तोकिएवमोजिमको पद निर्धारण गरिनेछ ।

**३८. तलबभत्ता नपाउने र सेवा अवधि गणना नहुने:**

दफा (३६) मा उल्लेखित अवस्थामा वा नियमानुसार बिदा स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेका शिक्षकले अनुपस्थित अवधिको तलब भत्ता पाउने छैनन् र सो अवधि सेवामा गणनासमेत हुनेछैन ।

**३९. प्रधानाध्यापक, शिक्षक तथा कर्मचारी सम्वन्धी व्यवस्था:**

(१) प्रत्येक सामुदायिक विद्यालयमा नगरपालिकाले स्वीकृत गरे वमोजिमको एक जना प्रधानाध्यापकको दरबन्दी रहनेछ ।

(२) उपदफा (१) वमोजिमका प्रधानाध्यापकको पदावधि ५ वर्ष हुनेछ । वडा समितिको सिफारिशमा कार्यसम्पादन र कार्यजिम्मेवारीको आधारमा पुनः नियुक्ति हुन सक्नेछ ।

(३) प्रधानाध्यापकको नियुक्ति कार्ययोजना र कार्यदक्षताका आधारमा नगर शिक्षा समितिले छनोट गर्नेछ ।

(४) प्रधानाध्यापक छनोट, शिक्षक तथा कर्मचारी नियुक्ति, सेवा शर्त र सुविधासम्वन्धी व्यवस्था तोकिएवमोजिम हुनेछ ।

**४०. स्थायी आवासीय अनुमति लिन नहुने:**

सामुदायिक विद्यालयमा कार्यरत कुनै शिक्षक वा कर्मचारीले कुनै पनि देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हुँदैन । स्थायी आवासीय अनुमति लिएका तथा लिन आवेदन दिएका शिक्षक वा कर्मचारीलाई दण्ड तथा सजाय तोकिए वमोजिम हुनेछ ।

**४१. शिक्षक महासंघ, शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्था:**

(१) सामुदायिक विद्यालयका शिक्षकहरूको पेशागत हकहितका सम्वन्धमा कार्य गर्न तोकिएवमोजिमको एक शिक्षक महासंघ रहनेछ ।

(२) देहायका अवस्थामा शिक्षक तथा कर्मचारीलाई विद्यालय व्यवस्थापन समितिले पदबाट हटाउन नगर शिक्षा समितिमा सिफारिस गर्नेछ । सो उपर अनुगमन समितिको प्रतिवेदनका आधारमा जीतपुरसिमरा उपमहानगरपालिकाले सेवाबाट बर्खास्त गर्न सक्नेछ ।

(क) तोकिएवमोजिम पदीय दायित्व पुरा नगरेमा,

(ख) बिना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित भएमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) सामुदायिक विद्यालयलका शिक्षकहरू वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा अन्य व्यवसायिक

क्रियाकलाप गरेमा,

(च) शिक्षक वा कर्मचारीले व्यवसायिक हकहितका नाममा शुक्ष्म रुपमा अमूक राजनैतिक दलको मात्र हित वा विरोधमा कार्य गर्ने संगठनका गतिविधिमा कार्यालयको समयमा संलग्न भएमा ।

(३) उपदफा (२) वमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने कारणको आवश्यक प्रमाण प्राप्त भएमा नगरपालिकाले निजलाई पदबाट हटाउन सक्नेछ । तर कार्यरत पदबाट हटाउनु अघि मनासिव माफिकको स्पष्टीकरणको मौका प्रदान गरिनेछ ।

## परिच्छेद- ८
## विविध

**४२. विद्यालयलाई शान्ति क्षेत्रको रुपमा कायम गर्नुपर्नेः**

(१) विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा अध्ययन, अध्यापन गर्ने वातावरण सिर्जना गर्न तथा विद्यालयभित्र कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई शान्तिक्षेत्र कायम गर्नुपर्नेछ ।

(२) उपदफा (१) वमोजिम शान्ति क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नुपर्ने शर्त तथा मापदण्ड तोकिएवमोजिम हुनेछन ।

**४३. बालबालिकाहरूलाई निष्कासन गर्न, शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुनेः**

(१) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्कासन गर्न पाइनेछैन ।

तर बालबिज्याई गरेको अवस्थामा बालकलाई आवश्यक कारवाहीका लागि सिफारिस गरी पठाउन बाधा पुगेको मानिनेछैन ।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन ।

**४४. प्रगति विवरण बुझाउनुपर्नेः**

संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिएवमोजिमका विवरणसहितको प्रगति विवरण नगर शिक्षा समिति समक्ष बुझाउनु पर्नेछ ।

**४५. दण्ड सजायँ**

१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीले बिगो असुल गरी बिगोवमोजिम जरिवाना गर्न सक्नेछ ।

२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी कानूनले तोकेवमोजिम सजाय हुनेछः-

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरवाही वा गैरजिम्मेवारपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्वन्धित पदाधिकारीको स्वीकृति बिना प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरुको तर्फबाट परीक्षा दिएमा,

(च) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

(छ) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श, ब्रिजकोर्ष, कोचिङ्ग कक्षा, ट्यूसन सेन्टर, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा,

(ज) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

(झ) कानून विपरितका अन्य कार्य गरेमा ।

(३) कानूनवमोजिमको कसुरको सम्वन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्दा हेर्ने अधिकारी वा जिल्ला अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि मुद्दाको अन्तिम फैसला नभएसम्म निलम्बित हुनेछन । सो शिक्षक वा कर्मचारी अदालतबाट कसुरदार ठहरिएमा निजलाई यस ऐनवमोजिम विभागीय सजाय गरिनेछ ।

धरान उपमहानगरपालिका

**४६. पुनरावेदनः**

तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानून वमोजिम पुनरावेदन लाग्नेछ ।

**४७. नगरपालिकाले निर्देशन दिन सक्नेः**

(१) नगरपालिकाले तोकिएको क्षेत्रसँग सम्वन्धित छात्रावास, ट्युसन सेन्टर, कोचिङ सेन्टर सञ्चालनका लागि तोकिए वमोजिमका शर्त पुरा गरेका संस्थालाई अनुमति लगायतका आवश्यक निर्देशनहरु विद्यालय व्यवस्थापन समितिलाई दिन सक्नेछ ।

(२) उपदफा (१) वमोजिमको दिइएको निर्देशन पालन गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

**४८. नियम बनाउने अधिकारः**

(१) यस ऐनको उद्धेश्य कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक व्यवस्थाहरुसहित शिक्षा नियमावली बनाउन सक्नेछ ।

(२) यस ऐनको कार्यान्वयनका लागि नगर शिक्षा समितिले आवश्यक निर्देशिका तथा कार्यविधि बनाई लागु गर्न सक्नेछ ।

(३) नगरपालिका कार्यालयले समग्र शिक्षा क्षेत्रको व्यवस्थापन वा कुनै विशेष विषयलाई लिएर विशेष निर्देशन जारी गर्न सक्नेछ ।

**४९. संक्रमणकालीन व्यवस्थाः**

(१) यस ऐनले तोकिएवमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआएसम्म नगर कार्यपालिकाले गर्न सक्नेछ ।

(२) यो ऐन जारी भएपछि विद्यालयमा रिक्त रहेका दरबन्दीमा विज्ञापनको अनुमति नगरपालिकाले दिन सक्नेछ ।

**५०. बाधा अडकाउ फुकाउने अधिकारः**

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा नगरपालिका कार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ ।

**५१. बचाउ र लागु नहुनेः**

(१) यो ऐन वा यस ऐनअन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही वमोजिम र नलेखिएको कुरामा प्रचलित कानून वमोजिम हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिनामिना गरेको कसुरमा भ्रष्टाचार निवारण ऐन २०५९ अन्तर्गत कार्यवाही चलाउन बाधा पर्नेछैन ।

(३) संविधान, सङ्घीय र प्रादेशिक कानूनसंग बाझिएको यो ऐनको व्यवस्थाहरु बाझिएको हद स्वतः निष्क्रिय हुनेछन् ।

(४) यसअघि कानून वमोजिम नियुक्त शिक्षक कर्मचारीहरूलाई नेपाल सरकारले दिइदै आएको सुविधामा कुनै किसिमको कटौती गरिने छैन । तर यो व्यवस्थाले कानूनवमोजिम दण्ड, सजायं र कार्यवाही गर्न बाधा पर्नेछैन ।

आज्ञालेः
नामः शिव कुमार कार्की
पदः प्रमुख प्रशासकीय अधिकृत
मितिः २०७५।०४।०१ गते ।
पृष्ठ संख्याः १६

ज्ञानेश्वरी उपमहानगरपालिका